**परिमाणात्मक लक्ष्य १२. ग:** राष्ट्रिय परिस्थिति अनुसार बजार विकृतिलाई हटाउनुका साथै कर निर्धारण, पुनर्संरचना र हानीकारक अनुदान भएको ठाँउमा तिनीहरूको वातावरणीय प्रभावलाई न्यूनीकरण गर्न अप्रयाप्त जीवास्मा इन्धन अनुदान योगदानको पुष्टि गर्ने र गरिब तथा प्रभावित समुदायहरूलाई सुरक्षित गर्ने गरी विकासमा पर्ने प्रतिकुल प्रभावलाई कम गर्ने ।

**दिगो विकास लक्ष्य १३- जलवायु परिवर्तन र यसका प्रभावसँग जुध्न तल्काल कार्य अघि बढाउने ।** (Take urgent action to combat climate change and its countries)

**परिमाणात्मक लक्ष्य १३.१:** सबै देशमा जलवायुसँग सम्बन्धित हानिकारक तथा प्राकृतिक प्रकोपको सामना गर्न समानुकूलित (च्भकषष्भिलत) र अनुकूलन क्षमतालाई सुदृढ गर्ने ।

**परिमाणात्मक लक्ष्य १३.२:** जलवायु परिवर्तनका उपायलाई राष्ट्रिय नीति, रणनीति र योजनामा एकीकृत गर्ने ।

**परिमाणात्मक लक्ष्य १३.३:** जलवायु परिवर्तनलाई कम गर्न, अनुकूलन गर्न, असर घटाउन र पूर्वसावधानी गराउन शिक्षा, सचेतना र मानवीय तथा संस्थागत क्षमतामा सुधार गर्ने ।

**परिमाणात्मक लक्ष्य १३. क:** जलवायु परिवर्तनका असर कम गर्न तथा कार्यान्वयनमा पारदर्शिता ल्याउनको लागि विकासशील देशको आवश्यकतालाई सम्बोधन गर्न सन् २०२० सम्ममा संयुक्त रूपमा वार्षिक १ खर्ब डलर परिचालन गर्ने र हरित जलवायु कोष (ग्रीन क्लाइमेट फण्ड) लाई पुँजीकरणको माध्यमबाट जति सक्दो चाँडो पूर्ण रूपमा सञ्चालनमा ल्याउनेसम्बन्धमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घ फ्रेमवर्क सम्मेलनमा विकसित देशद्वारा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्ने ।

**परिमाणात्मक लक्ष्य १३. ख :** अति कम विकसित देशमा महिला, युवा र स्थानीय एवम् सीमान्तकृत समुदायमा केन्द्रित हुने लगायतका जलवायू परिवर्तनसँग सम्बन्धित प्रभावकारी योजना र व्यवस्थापनको लागि क्षमता बढाउने संयन्त्र प्रवर्धन गर्ने ।

**दिगो विकास लक्ष्य १४- दिगो विकासको निम्ति महासागर, समुन्द्र र सामुन्द्रिक स्रोत संरक्षण गर्ने र दिगो रूपमा प्रयोग गर्ने ।** (Converse and sustainably use the oceans, seas and marine resources for sustainable development)

यो लक्ष्य नेपालसँग प्रत्यक्ष रूपमा सम्बन्धित छैन ।

**दिगो विकास लक्ष्य १५ -भूसतही/भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यस्लाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने ।** (Protect, restore and promote sustainable use of terrestrial ecosystems, sustainably manage forests, combat desertification, and halt and reverse land degradation and halt biodiversity loss)

**परिमाणात्मक लक्ष्य १५.१:** सन् २०३० सम्ममा अन्तर्राष्ट्रिय सम्झौताअन्तर्गतका दायित्वअनुरूप भूपरिधि र जमिनको स्वच्छ पानी पारिस्थितिकीय प्रणाली र तिनीको सेवा विशेषगरी वनजङ्गल, सीमसार क्षेत्र र सुख्खा क्षेत्रको संरक्षण, पुनर्स्थापना र दिगो प्रयोग सुनिश्चित गर्ने ।

**परिमाणात्मक लक्ष्य १५.२:** सन् २०२० सम्ममा सबै प्रकारका वनको दिगो व्यवस्थापनको कार्यान्वयनलाई प्रभावकारी बनाउने, वन फडानी रोक्ने, ह्रास भएको वनको पुनःस्थापना गर्ने साथै वृक्षारोपण र विनास भएको वनमा पुनः रूखविरुवा लगाउने ।

**परिमाणात्मक लक्ष्य १५.३:** सन् २०२० सम्ममा मरुभूमीकरण, सुख्खा र खाद्य वस्तुद्वारा नकारात्मक रूपमा प्रभावित जमिनलगायतका क्षय भएको (Degraded) जमिन र माटोको पुनर्स्थापन गर्ने र एउटा भूक्षय निरपेक्ष विश्व (जमिनका स्रोतसाधनको मात्रा र गुणस्तर स्थिर वा वृद्धि हुने अवस्था) प्राप्त गर्नेतर्फ प्रयासरत (Strive) रहने ।

**परिमाणात्मक लक्ष्य १५.४:** सन् २०३० सम्ममा दिगो विकासका निम्ति आवश्यक लाभ प्रदान गर्ने क्षमता वृद्धि गर्नको निम्ति जैविक विविधतालगायतका पर्वतीय पारिस्थितिकीय प्रणालीको संवर्धन/संरक्षणलाई सुनिश्चित गर्ने ।

**परिमाणात्मक लक्ष्य १५.५:** प्राकृतिक वासस्थानको क्षयीकरणलाई घटाउन आवश्यक महत्त्वपूर्ण कार्य तत्काल सुरु गर्ने, जैविक विविधताको ह्रासलाई रोक्ने र सन् २०२० सम्ममा सङ्कटापन्न प्रजातिलाई संरक्षण गर्नुका साथै लोप हुनबाट बचाउने ।

**परिमाणात्मक लक्ष्य १५.६:** अनुवांशिक स्रोतको उपयोगबाट प्राप्त लाभको निश्पक्ष र समतामूलक बाँडफाँट (Sharing) को सुनिश्चितता गर्ने र यस्ता स्रोतमा उपयुक्त पहुँच बढाउने ।

**परिमाणात्मक लक्ष्य १५.७:** वनस्पति र प्राणीका संरक्षित प्रजातिको चोरीसिकारी र बेचबिखन तथा गैरकानुनी ओसारपसार (Trafficking) अन्त्य गर्न तत्काल कार्य गर्ने ।

**परिमाणात्मक लक्ष्य १५.८:** सन् २०२० सम्ममा भू तथा जल पारिस्थितिकीय प्रणालीमा कुनै खास स्थानका लागि नौला/बिराना विरुवा, झ्याउ/च्याउ वा प्राणीका प्रजाति (जसको बढी फैलावटले वातावरणका साथै मानव स्वास्थ्यलाई नै नकारात्मक असर पार्छ) लगाउने/विस्तार गर्ने कार्यलाई रोक्न एवम् यिनीको नकारात्मक प्रभावलाई उल्लेख्य रूपमा घटाउन र अति आवश्यक भएका प्रजाति (Priority species) को नियन्त्रण वा उन्मूलन गर्ने कार्यलाई रोक्न आवश्यक उपाय कार्यान्वयन गर्ने ।

**परिमाणात्मक लक्ष्य १५.९:** पारिस्थिकीय प्रणाली र जैविक विविधताका मूल्य मान्यतालाई सन् २०२० सम्ममा राष्ट्रिय र स्थानीय योजना, विकास प्रक्रिया, गरिबी न्यूनीकरण रणनीति र लेखामा एकीकृत गरिसक्ने ।

**परिमाणात्मक लक्ष्य १५. क:** जैविक विविधता र पारिस्थितिकीय प्रणालीको संरक्षण र दिगो प्रयोगको लागि सबै स्रोतबाट वित्तीय स्रोतसाधन परिचालन गर्नुका साथै यिनीलाई उल्लेख्य रूपमा वृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य १५. ख :** संरक्षित प्रजातिको चोरीसिकारी र गैरकानुनी ओसारपसारविरुद्ध जुध्नको साथै दिगो जीविकोपार्जनका अवसर खोजी गर्नका लागि सक्षम तुल्याउन स्थानीय समुदायको क्षमता अभिवृद्धि, दोहा विकास एजेन्डा र हङ्कङ मन्त्रीस्तरीय कार्यादेश (:बलमबतभ) लगायतका प्रयासको निम्ति विश्वव्यापी सहयोग अभिवृद्धि गर्ने ।

**दिगो विकास लक्ष्य १६ - दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने ।** (Promote peaceful and inclusive societies for sustainable development, provide access to justice for all and build effective, accountable and inclusive institutions at all levels)

**परिमाणात्मक लक्ष्य १६.१:** सबै स्वरूपका हिंसा र सो सँग सम्बन्धित जुनसुकै क्षेत्रमा हुने मृत्यु उल्लेखनीय रूपमा घटाउने ।

**परिमाणात्मक लक्ष्य १६.२:** बालबालिकामाथिको दुर्व्यवहार, शोषण, बेचबिखन र यिनीहरूविरुद्धका सबै प्रकारका हिंसा र शारीरिक/मानसिक यातनाको अन्त्य गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.३:** राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा कानुनको शासन प्रवर्धन गर्ने र न्यायमा सबैको समान पहुँच सुनिश्चित गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.४:** सन् २०३० सम्ममा गैरकानूनी वित्तीय र हातहतियारको ओसारपसार/प्रवाह (यिधक) लाई उल्लेख्य रूपमा घटाउने, चोरिएका सम्पत्ति पुनः प्राप्ति र वापसी गर्ने कार्यलाई सुदृढ तुल्याउने र सबै प्रकारका सङ्गठित अपराधविरुद्ध कारबाही गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.५:** सबै प्रकार/स्वरूपका भ्रष्टाचार र घूसखोरीलाई सारभूत रूपमा घटाउने ।

**परिमाणात्मक लक्ष्य १६.६:** सबै तहमा प्रभावकारी, जवाफदेही र पारदर्शी संस्था विकास गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.७ :** सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णय-निर्माणको सुनिश्चितता गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.८:** विश्व शासनमा (नयिदर्बा नयखभचलबलअभ) संलग्न भएका संस्थामा विकासशील देशको सहभागितालाई बिस्तार र सुदृढ तुल्याउने ।

**परिमाणात्मक लक्ष्य १६.९:** सन् २०३० सम्ममा जन्मदर्तालगायतमा कानुनी पहिचान सबैलाई प्रदान गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.१०:** राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय सम्झौताअनुरूप सूचनामा सर्वसाधारणको पहुँचलाई सुनिश्चित गर्ने र मौलिक स्वतन्त्रताको रक्षा गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.क:** हिंसा रोक्न साथै आतङ्कवाद र अपराधविरूद्ध लड्न सबै तहमा विशेषगरी विकासोन्मुख देशमा क्षमता विकासका लागि सम्बन्धित राष्ट्रिय संस्था/निकायलाई अन्तर्राष्ट्रिय सहायतासमेतको माध्यमबाट सुदृढ गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.ख:** दिगो विकासको निम्ति गैरविभेदकारी कानुन र नीति प्रवर्धन गर्ने तथा कार्यान्वयन गर्ने ।

**दिगो विकास लक्ष्य १७ - दिगो विकासका लागि कार्यान्वयनका उपाय/साधनलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनर्जीवन दिने ।** (Strenthen the means of implementation and revitalize the global partnership for sustainable development)

**परिमाणात्मक लक्ष्य १७.१:** करका साथै अरू प्रकारका राजश्व सङ्कलनका लागि आन्तरिक क्षमतामा

सुधार गर्नको लागि विकासशील देशलाई दिइने अन्तर्राष्ट्रिय सहायतासमेतको माध्यमबाट आन्तरिक स्रोतको परिचालनलाई सुदृढ तुल्याउने ।

**परिमाणात्मक लक्ष्य १७.२:** आफ्नो कुल राष्ट्रिय आम्दानीको ०।७ प्रतिशत विकासशील देशलाई र ०।१५ देखि ०।२० प्रतिशत अति कम विकसित देशलाई प्रदान गर्ने लक्ष्य हासिल गर्न धेरै विकसित देशद्वारा गरिएको प्रतिबद्धतालगायत विकसित देशले गरेका अफिसियल सहायता प्रतिबद्धता पूर्ण रूपमा कार्यान्वयन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.३:** विकासशील देशका लागि विभिन्न स्रोतबाट थप वित्तीय स्रोतसाधन परिचालन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.४:** विकासोन्मुख देशलाई आवश्यकताअनुसार ऋणको लागि आर्थिक सहयोग, ऋणबाट मुक्ति तथा यसको पुनर्संरचनालाई प्रेरित गर्ने उद्देश्य भएका समन्वित/संयोजित नीतिसमेतको माध्यमबाट दीर्घकालीन ऋण व्यवस्थापनको दिगोपनाका लागि सहयोग गर्ने र उच्च ऋणभारले थिचिएका गरिब मुलुकको ऋणसम्बन्धी पीडा/तनाव (Distress) लाई घटाउन तिनीको बाह्य ऋणलाई सम्बोधन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.५:** अति कम विकसित मुलुकको निम्ति लगानी प्रवर्धन गर्ने वातावरण (Regimes) सिर्जना गरी कार्यान्वयन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.६:** विज्ञान, प्रविधि र नव प्रवर्तनमा उत्तर-दक्षिण, दक्षिण-दक्षिण र त्रिकोणीय क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोग र पहुँचलाई बढाउने र विद्यमान संयन्त्र विशेषगरी संयुक्त राष्ट्र सङ्घको तहमा राम्रो सम्बन्ध कायम गरेर साथै विश्वस्तरीय प्रविधि सहजीकरण संयन्त्रसमेतको माध्यमबाट आपसमा सहमति भएका सर्तहरूको अधीनमा रही ज्ञान आदानप्रदान गर्न कार्य अगाडि बढाउने ।

**परिमाणात्मक लक्ष्य १७.७:** विकासोन्मुख देशमा वातावरणीय दृष्टिकोणले प्रभावकारी प्रविधिको विकास, स्थानान्तरण र प्रचारप्रसार एवम् विस्तारसम्बन्धी कार्यलाई आपसमा सहमति भएअनुसारका सहुलियतपूर्ण र प्राथमिकताको क्रमसहित समावेश गरिएका अनुकूल सर्तको आधारमा प्रवर्धन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.८:** सन् २०१७ सम्ममा अति कम विकसित राष्ट्रको निम्ति प्रविधिबैंक र विज्ञान, प्रविधि र नवप्रवर्तन क्षमता अभिवृद्धि संयन्त्रलाई पूर्ण रूपमा सञ्चालनमा ल्याउने र विभिन्न क्षेत्रमा सघाउ पुऱ्याउने सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढवा दिने

**परिमाणात्मक लक्ष्य १७.९:** विकासोन्मुख देशमा प्रभावकारी एवम् लक्षित क्षमता अभिवृद्धि गर्दै दिगो विकासका सबै लक्ष्य कार्यान्वयन गर्नका लागि उत्तर-दक्षिण, दक्षिण-दक्षिण र त्रिकोणीय सहायतालगायत राष्ट्रिय योजनालाई सहयोग गर्न अन्तर्राष्ट्रिय सहायता बढाउने ।

**परिमाणात्मक लक्ष्य १७.१०:** दोहा विकास कार्यसूचीअन्तर्गत गरिएका सम्झौताका निष्कर्षसमेतको आधारमा विश्व व्यापार सङ्गठन अन्तर्गत सर्वव्यापी, कानुनमा आधारित, खुला, भेदभावरहित र समातामूलक बहुपक्षीय व्यापार प्रणालीलाई प्रवर्धन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.११:** सन् २०२० सम्ममा विश्वको कुल निर्यातमा विशेषगरेर अति कम विकसित देशको हिस्सा दोब्बर पार्ने दृष्टिकोणले विकासशील देशको निर्यातलाई उल्लेख्य मात्रामा बढाउने ।

**परिमाणात्मक लक्ष्य १७.१२:** अति कम विकसित देशबाट वस्तु आयात गर्दा लागू हुने प्राथमिकतायुक्त (Preferential) उत्पतिको नियम पारदर्शी र सहज हुनाका साथै बजारको पहुँचलाई सहजीकरण गर्न यिनीले योगदान गर्छन् भन्ने कुरा सुनिश्चित गर्दै विश्व व्यापार सङ्गठनका निर्णयअनुरूप सबै अति कम विकसित देशको निम्ति लामो समयसम्म रहिरहने आधारमा भन्सार तथा कोटारिहत बजारको लागि गर्नुपर्ने कुरा यथासमयमै अनुभूत गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१३:** नीतिको समन्वय र नीतिको तार्किक सङ्गति (Coherence) लाई समावेश गरी विश्वको समष्टिगत आर्थिक स्थायित्व अभिवृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१४:** दिगो विकासका लागि नीतिको तार्किक सङ्गति अभिवृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१५:** गरिबी उन्मूलन र दिगो विकासका लागि नीति तर्जुमा (Establish) र कार्यान्वयन गर्न प्रत्येक देशको नीति निर्माणको दायरा (Policy space) र नेतृत्वलाई सम्मान गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१६:** दिगो विकासका लागि विश्वव्यापी साझेदारी बढाउने साथै सबै देश विशेषगरेर विकासशील देशमा दिगो विकासका लक्ष्यको उपलब्धिलाई सहयोग गर्न विश्वव्यापी साझेदारीको सम्पूरकको रूपमा ज्ञान, विज्ञता, प्रविधि र वित्तीय स्रोत परिचालन गर्ने बहु-सरोकारवालालाई बढवा दिने ।

**परिमाणात्मक लक्ष्य १७.१७:** साझेदारीको अनुभव र स्रोतको व्यवस्थापनसम्बन्धी रणनीतिको जगमा (दगषमिष्लन यल) प्रभावकारी सार्वजनिक-निजी र नागरिक समाजसम्बन्धी साझेदारीलाई प्रोत्साहन र प्रवर्धन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१८:** सन् २०२० सम्ममा क्षमता अभिवृद्धि सहयोगलाई बढवा दिने र आय, लिङ्ग, उमेर, वर्ण, बसाइँ सराइको अवस्था, अपाङ्गता, भौगोलिक अवस्थिति/स्थान र अन्य विशेषताअनुसार खण्डीकृत (म्ष्कबननचभनबतभम) गरिएका उच्च गुणस्तरीय, सामयिक र भरपर्दा तथ्याङ्कलाई उल्लेख्य रूपमा वृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१९:** सन् २०३० सम्ममा दिगो विकाससम्बन्धी प्रगतिका मापनलाई विद्यमान पहलकदमी (Initiatives) को जगमा आधारित हुँदै विकास गर्ने (यसबाट कुल गार्हस्थ्य उत्पादनका साथै विकासशील देशमा तथ्याङ्कसम्बन्धी क्षमता निर्माणमा सहयोग पुग्दछ ।

## ३. दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण

संघीय शासन व्यवस्थामा कार्यान्वयनका मुख्य संयन्त्र (Implementing Hands) रुपमा प्रदेश र स्थानीय तह रहेका छन् । प्रदेश र स्थानीय तहका तत्परतामा नै संघले तय गरेको उद्धेश्य हासिल हुन जान्छ । त्यसकारण संविधानको सफल कार्यान्वयनका साथै दिगो विकासका लक्ष्यको कार्यान्वयनमा लग्न प्रदेश र स्थानीय तहलाई संवेदनशिल र जिम्मेवार बनाउदै राष्ट्रिय स्वार्थ र लक्ष्य प्राप्त गर्नु पर्दछ । दिगो विकास लक्ष्यको स्थानीयकरण गर्दा प्रादेशिक र स्थानीय तहका आर्थिक, सामाजिक, भौगोलिक र प्रशासनिक विषेशता र क्षेत्राधिकार जस्ता तत्वहरूलाई मध्यनजर गर्दै दिगो विकास लक्ष्यलाइ प्रदेशरस्थानीय तहका विकास योजनाहरूमा आन्तरिकीकरण गर्दै लैजानु पर्दछ । राष्ट्रिय नीति तथा योजनाका साथै प्रदेशको आवश्यकता, प्राथमिकता समस्या र सम्भावनाका आधारमा प्रदेशको प्रमुख

विषयगत क्षेत्रहरू निर्धारण भएका हुन्छन्।यीनै आवश्यकता तथा प्राथमिकताका आधारमा नै दिगो विकास लक्ष्य २०३० का लक्ष्य र सूचकहरूलाई सम्बन्धित प्रदेश वा स्थानीय तहले प्राथमिकीकरण र स्थानीयकरण गरी आफ्नो योजनाहरूमा आन्तरिकीकरण गर्दै लैजानु आवश्यक छ ।

विविधताको व्यवस्थापन र सम्बोधन गर्दै समस्या, चुनौती, अवसर र संभावनाका बीच दिगो विकास लक्ष्यलाई उपयुक्त तवरबाट (Best fit) हासिल हुने मार्ग निर्माण गर्ने कार्यमा सहयोगी भुमिका गर्नका लागि समेत स्थानीयकरण गर्न आवश्यक छ । दिगो विकास 17 वटै लक्ष्यहरू सबै प्रदेश र स्थानीय सरकारहरूका लागि बराबर महत्वका विषय नरहन सक्छन् । आफ्नो यथार्थ वस्तुगत अवस्था र भावी गन्तव्यमा पुग्नका लागि समेत स्थानीय रुप र स्वरुपमा ढाल्नका लागि समेत स्थानीय स्तरबाट दिगो विकास लक्ष्य सम्बन्धमा कार्य गर्नुपर्ने हुन्छ ।स्थानीय स्तरमा दिगो विकास लक्ष्य सम्बन्धमा संचार, सचेतीकरण, बहस तथा पैरवी, क्षमता विकास, आयोजना र कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन जस्ता कृयाकलाप संचालन गर्नुपर्ने हुन्छ ।

## ४. संस्थागत संयन्त्र

दिगो विकास लक्ष्य, २०३० को प्रभावकारी कार्यान्वयनको लागि राष्ट्रिय स्तरमा देहाय बमोजिमको संस्थागत संयन्त्रको व्यवस्था गरिएको छ ।

### क. दिगो बिकास लक्ष्य निर्देशक समिति

सम्मानिनय प्रधानमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय केन्द्रीय निर्देशक समिति रहेको छ । यस निर्देशक समितिमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष उपसंयोजक तथा अर्थ मन्त्री, परराष्ट्र मन्त्री र नेपाल सरकारका मुख्य सचिब सदस्य तथा राष्ट्रिय योजना आयोगका सचिब सदस्य सचिब रहने गरी ६ सदस्यीय निर्देशक समिति रहने व्यबस्था भएको छ । यस समितिले दिगो बिकास लक्ष्य कार्यान्वयनको लागी नीतिगत दिशानिर्देश गर्नूका साथै श्रोत व्यबस्थापन र उपलब्धीको आबधिक समिक्षा गर्दछ ।

### ख. दिगो बिकास लक्ष्य कार्यान्वयन तथा समन्वय समिति

दिगो विकासका लक्ष्य सम्बन्धी योजना तथा बजेट, बाह्य सहयोग परिचालन र कार्यान्वयनको अनुगमन गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा दिगो बिकास लक्ष्य कार्यान्वयन तथा समन्वय समिति गठन गरिएको छ । यस समितिमा आर्थिक क्षेत्र हेर्ने आयोगका सदस्य उप संयोजक, अर्थ सचिब, परराष्ट्र सचिब, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्शका अध्यक्षहरू सदस्य तथा आयोगका आर्थिक व्यवस्थापन महाशाखाका सहसचिब सदस्य सचिब रहने व्यवस्था छ ।

### ग. दिगो बिकास लक्ष्य विषयगत समितिहरू

दिगो बिकास लक्ष्यहरूको कार्यान्वयनको संयोजन र प्रभावकारिताको अनुगमन गर्नको लागी राष्ट्रिय योजना आयोगका सदस्यहरूको संयोजकत्वमा सम्बन्धीत संघीय मन्त्रालयका सचिव र सो संग सम्वन्धित अन्यसंस्थाका प्रतिनिधि सदस्य रहनेगरी ८ वटा विषयगत कार्य समितिहरूपनि गठन गरिएका छन। यी समितिहरूलाई दिगो विकाससँग सम्बन्धीत योजना, कार्यक्रम, नीति, बजेट कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्य गर्दछ ।

यसर्थ, संघमा रहे जस्तै दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयनको लागि प्रदेशमा मुख्य मन्त्रीको संयोजकत्वमा एक निर्देशक समिति गठन गर्नु उपयुक्त हुन्छ। यसले दिगो विकास लक्ष्य कार्यान्वयनको लागि नीतिगत दिशानिर्देश गर्नुका साथै श्रोत व्यवस्थापन र उपलब्धिको आवधिक समिक्षा गर्ने कार्य गर्नुपर्ने हुन्छ।

यस्तै दिगो विकासका लक्ष्यसम्बन्धी योजना तथा बजेट, सहयोग परिचालन र कार्यान्वयनको अनुगमन तथा कार्यान्वयन गर्न आर्थिक मामिला तथा योजना मन्त्री वा प्रादेशिक नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा दिगो विकास लक्ष्य कार्यान्वयन तथा समन्वय समिति गठन गर्नु उपयुक्त हुन्छ। दिगो विकास लक्ष्यको कार्यान्वयनको संयोजन र प्रभावकारिताको अनुगमन तथा कार्यान्वयन गर्नको लागि प्रदेश योजना आयोगका सदस्यहरू अथवा सचिवको संयोजकत्वमा विषयगत कार्य समितिहरू पनि गठन गर्न सकिनेछ, र आवश्यकता अनुसार समितिमा रहने सदस्यहरूको निर्धारण गर्न सकिनेछ। यस्तै प्रत्येक मन्त्रालयमा दिगो विकास लक्ष्य फोकल यूनिट गठन गर्नु उपयुक्त हुन्छ।

## ४. दिगो विकास लक्ष्य र विकास योजनाबीच तादम्यता

नेपाल दिगो बिकास लक्ष्य घोषणा र कार्यान्वयन गर्न हस्ताक्षर गर्ने अग्रणी राष्ट्र हो । राज्यको पुनरसंरचना पश्चात स्थानीय तह र प्रदेश तहका निर्बाचन सम्पन्न भई स्थानीय र प्रदेश सरकारहरू गठन भई स्थानीय तहमा बिकास निर्माणले गति लिन थालेको सन्दर्भमा राज्यका सबै तहमा योजना तर्जुमा र कार्यान्वयनमा प्रकृयामा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण र स्थानीयकरण गर्दै लानुपर्ने आबश्यकता छ।

प्रदेश तथा स्थानीय तहहरू बीच प्रशस्त भौगोलिक विविधता छ ।साथै प्राकृतिक स्रोत सम्भाव्यता, आर्थिक, सामाजिक विकास र पूर्वाधारको उपस्थितिको अबस्थामा पनि प्रशस्त भिन्नता रहेको छ ।यी विविधता र भिन्नताबीच स्थानीय तहले आआफ्ना क्षेत्रको समष्टिगत विकासका लागि दिगो बिकास लक्ष्य कार्यान्वयनको संघीय प्रारुपलाई आत्मसाथ गर्दै आवश्यक आवधिक, वार्षिक र रणनीतिगत विषय क्षेत्रका अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाउनुपर्ने कानूनी प्रावधान रहेको छ। आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रममा समावेश गरिने आयोजनालाई दिगो विकास लक्ष्यमा पुऱ्याउने योगदान समेतको आधारमा आयोजनाको प्राथमिकीकरण, सांकेतिकीकरण तथा वर्गीकरण र सो अनुसारको खर्च तथा स्रोत प्रक्षेपण र बार्षिक बजेटमा विनियोजित बजेट समेत तालिकामा उल्लेख गर्नुपर्ने हुन्छ।

## ५. वस्तुस्थितिको विश्लेषण र आधार रेखा सूचकाङ्क

प्रदेशका साथै प्रदेशभित्रका सबै स्थानीय तहको दिगो विकास लक्ष्य सूचकाङ्कको आधारमा वर्तमान वस्तुस्थितिको विश्लेषण गरेर आधार रेखा सूचकाङ्क तथ्याङ्क तयार गर्नुपर्ने छ।

### क. वस्तुस्थिति विश्लेषण ( प्रदेश र महानगर/उपमहानगर/नगर/गाउपालिका स्तरीय )

प्रत्येक प्रदेशले आंफ्नो प्रशासकीय क्षेत्रको समग्र परिचयमूलक विशेषताहरू, भू चरित्र, सामाजिक संरचना, सबै प्रकारका स्रोत सम्भावना, र विकास क्षमता झल्किने आधारभूत तथ्याङ्कयूक्त प्रदेश र स्थानीय तह स्तरमा वर्गिकृत साथै समग्र वस्तुस्थिति विश्लेषण गर्नुपर्ने छ। प्रत्येक प्रदेशले आफ्नो

प्रशासकीय क्षेत्र भित्रको विषय क्षेत्रगत रुपमा तथ्याङ्क तथा सूचना संकलन गर्नुपर्ने हुन्छ । यसरी तथ्याङ्क तथा सूचना संकलन गर्दा प्राथमिक र द्वितीय स्रोतको प्रयोग गर्न सकिन्छ। तथ्याङ्क तथा सूचना संकलन गर्दा लिङ्ग, वर्ण, उमेर, जात, धर्म, क्षेत्र, शैक्षिक तथा रोजगारीको अवस्था, उत्पादनको संरचना जस्ता विभिन्न सूचकहरूका आधारमा सकेसम्म खण्डीकृत गर्नु पर्ने हुन्छ ।संकलित तथ्याङ्क तथा सूचनाहरूलाई प्रदेश तथा स्थानीय तह स्तरमा वर्गीकरण तथा समग्रमा एकीकृत गरी संग्रह गर्नुपर्ने हुन्छ ।

### ख. दिगो विकास लक्ष्यका आधार रेखा सूचकाङ्क तथा परिमाणात्मक लक्ष्य निर्धारण

उपलब्ध तथ्याङ्क तथा सूचनाको आधारमा प्रत्येक प्रदेशले प्रदेश स्तरका दिगो विकास लक्ष्यको आधार रेखा सूचकाङ्क तयार गरी परिमाणात्मक लक्ष्य निर्धारण गर्नुपर्ने हुन्छ। प्रदेश स्तरमा उपलब्ध तथ्याङ्क तथा सूचनाको आधारमा तयार भएको आधार रेखा सूचकाङ्क र परिमाणात्मक लक्ष्य निम्न अनुसार छ।

### दिगो विकासका लक्ष्यहरूको आधार तथ्याङ्क

| लक्ष्य, लक्ष्याङ्क र सूचकहरू | | नेपाल | | | प्रदेशनं २ | | |
|---|---|---|---|---|---|---|---|
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२५ | २०३० |
| लक्ष्य १: सबै क्षेत्रमा रहेका सबै प्रकारका गरिबीको अन्त्य गर्ने | | | | | | | |
| लक्ष्याङ्क १.१ | २०३० सम्ममा जहाँसुकै रहेका भएपनि हाल प्रतिदिन १.२५ डलरभन्दा कम आम्दानीमा जीवन निर्वाह गरिरहेका सबै जनताको विषम गरिबी उन्मूलन गर्ने | | | | | | |
| १.१.१ | लिङ्ग, उमेर, रोजगारीको अवस्था र भौगोलिक अवस्थिति (सहरी/ग्रामीण) अनुसार अन्तर्राष्ट्रिय गरिबीको रेखामुनी रहेका जनसङ्ख्याको अनुपात | | | | | | |
| १ | गरिबी प्रतिदिन १.ढ अमेरिकी डलर (पीपीपी मूल्यामा) | १५ | १०.३ | ८ | १५ .४ | १०.५ | ८ |
| लक्ष्याङ्क १.२ | २०३० सम्ममा राष्ट्रिय परिभाषाहरू बमोजिम गरिबीका सबै आयामहरूमा बाँचिरहेका सबै उमेरका पुरूषहरू, महिलाहरू र बालबालिकाहरूको अनुपात कम्तीमा आधा घटाउने | | | | | | |
| १ | राष्ट्रिय गरिबीको रेखामुनी रहेका जनसङ्ख्याको अनुपात (प्रतिशत) | २५ .२ | १०.५ | ४.९ | २६.७ | १२.२ | ३ |
| २ | राष्ट्रिय गरिबीको रेखामुनी रहेका सबै उमेरका महिलाहरू (प्रतिशत) | २५ .३ | ११.८ | ५ | २७.८ | १२.६ | ५ |
| ३ | राष्ट्रिय परिभाषाहरू बमोजिम गरबीका सबै आयामहरूमा बाँचिरहेका सबै उमेरका पुरूष, महिला र बालबालिकाको अनुपात (प्रतिशत) | | | | | | |
| ४ | बहुआयामिक गरिबीको सूचकाङ्क | २८.६ | २१.४ | १० | ४७.९ | २२.६ | १० |
| ५ | राष्ट्रिय गरिबीको रेखामुनी रहेका बालबालिका (पाँच वर्ष मुनिको प्रतिशत) | ३५ .४ | १५ .३ | ५ | ३५ .१ | १५ | ५ |

| लक्ष्य, लक्ष्याङ्क र सूचकहरू | | नेपाल | | | प्रदेशनं २ | | |
|---|---|---|---|---|---|---|---|
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२५ | २०३० |
| लक्ष्याङ्क १.३ | राष्ट्रिय रूपमा उपयुक्त सामाजिक सुरक्षा प्रणालीहरू र फ्लोर्स (Floors) लगायतका उपायहरू सबैका लागि कार्यान्वयन गर्ने र सन् २०३० सम्ममा गरिब र सङ्कटासन्न अवस्थामा रहेका व्यक्तिहरूलाई उल्लेख्य रूपमा समावेश गरिसक्ने | | | | | | |
| १ | प्रतिदिन १.९ अमेरिकी डलर (पीपीपी मुल्य) भन्दा कम आम्दानी भएका रोजगारमा रहेका मानिसहरू (प्रतिशत) | १६.५ | ६.३ | १ | १९.६ | ७.२ | १ |
| लक्ष्याङ्क १.४ | सबै महिला तथा पुरूषहरू विशेषगरेर गरिब र अरक्षित अवस्थामा रहेका महिला र पुरूषहरूको आर्थिक स्रोतसाधनहरूमा समान अधिकार सुनिश्चित गर्ने, यसको साथै आधारभूत सेवासुविधाहरूमा पहुँच, भूमिमाथिको स्वामित्व र नियन्त्रण एवम् अन्य स्वरूपका सम्पत्ति, उत्तराधिकार (Inheritance) पैतृक सम्पत्ति, प्राकृतिक स्रोतसाधनहरू, उपयुक्त नयाँ प्रविधि तथा लघुवित्तलगायतका वित्तीय सेवाहरूमा यिनीहरूको पहुँच सुनिश्चित गर्ने | | | | | | |
| १.४.१ | आधारभूत सेवाहरूमा पहुँच भएका परिवारहरूमा बस्ने जनसङ्ख्याको अनुपात | | | | | | |
| १ | ३० मिनटको पैदलयात्रामा बजारको केन्द्रसम्म पहुँच भएका परिवारहरू (कुल जनसङ्ख्याको प्रतिशत) | ४४.७ | ७५ | ९० | ४७.२ | ७५ .७ | ९० |
| २ | बैंक खाता भएका घरपरिवार (कुल परिवारको प्रतिशत) | ६८.३ | ७६.१ | ८० | ६१.२ | ७३.७ | ८० |
| १.४.२ | कानुनी रूपमा मान्यताप्राप्त कागजातसहितका जमिनमाथि मोहियानी (Tenure) भएका र जमिनमाथिको अधिकार सुरक्षित ठान्ने कुल बयस्क जनसङ्ख्याको अनुपात (लिङ्ग र मोहियानीको किसिमअनुसार) | | | | | | |
| १ | आर्थिक दृष्टिकोणले जनसङ्ख्याको तल्लो पञ्चमक (Bottom quintile) को राष्ट्रिय उपभोगमा हिस्सा (प्रतिशत) | ७ | १०.५ | १२ | ७.७ | १०.६ | १२ |
| लक्ष्य २: भोखमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्धन गर्ने | | | | | | | |
| लक्ष्याङ्क २.१ | २०३० सम्ममा भोखमरी अन्त्य गर्ने र खासगरी शिशुलगायत गरिब र जोखिमपूर्ण अवस्थाहरूमा रहेका व्यक्तिहरूसहित सबै जनताको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा वर्षैभरि पहुँच सुनिश्चित गर्ने | | | | | | |
| १ | न्युन पोषित | ३८ | १४ | ३ | २९.६ | ११.९ | ३ |
| २ | कुल उपभोगको दुई-तिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसङ्ख्या (प्रतिशत) | ४४.१ | ४४.९ | ३ | ५१.३ | १९.१ | ३ |
| ३ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (केजी।) | १९७.५ | ४१९ | ५३० | १६१.९ | ४०७.३ | ५३० |

| लक्ष्य, लक्ष्याङ्क र सूचकहरू | | नेपाल | | | प्रदेशनं २ | | |
|---|---|---|---|---|---|---|---|
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२५ | २०३० |
| लक्ष्याङ्क २.२ | २०३० सम्ममा सबै प्रकारका कुपोषणको अन्त्य गर्ने र त्यसका लागि ५ वर्षमुनिका बालबालिकाहरूको वृद्धि रोक्ने र उचाइअनुसार कम तौल हुने (Wasting) सम्बन्धमा अन्तर्राष्ट्रिय रूपमै सहमति भएका लक्ष्यहरू सन् २०२५ सम्ममा हासिल गर्ने लगायतका लक्ष्याङ्कहरू र किशोरी, गर्भवती र दूध ख्वाइरहेकी महिला तथा ज्येष्ठ नागरिकहरूको पोषणसम्बन्धी आवश्यकताहरूलाई सम्बोधन गर्ने | | | | | | |
| ज्ञ | पाँच वर्षमुनिका बालबालिकामा देखिने पुड्कोपना (Stunting) (विश्व स्वास्थ्य सङ्गठनको बालबालिका वृद्धि मानहरू | ३५ .८ | २० | १५ | ३७ | २२.३ | १५ |
| २ | प्रकार (Type) अनुसार पाँच वर्षमुनिका बालबालिकामा रहेको कुपोषण (उचाइअनुसार तौल कम हुने र बढी तौल हुने) | ९.७ | ५ | ४ | १४.४ | ७.५ | ४ |
| ३ | प्रजनन उमेरसमूहका महिलाहरूमा रक्त अल्पताको स्थिति (प्रतिशत) | ३३.५ | १८ | १० | ४५ .६ | २१.९ | १० |
| ४ | ५ वर्षमुनिका बालबालिकामा रहेको रक्त अल्पताको स्थिति (प्रतिशत) | ४६ | २३ | १० | ५९.४ | २४ | १० |
| लक्ष्याङ्क २.३ | २०३० सम्ममा विशेषत महिला, आदिवासी जनजातिहरू, पारिवारिक कृषकहरू, वस्तुभाउ पाल्ने व्यक्तिहरू र मछुवारहरूको कृषि उत्पादकत्व, जमिन, अन्य उत्पादनशील साधनहरू तथा लगानी, ज्ञान, वित्तीय सेवाहरू, बजारका साथै मूल्य अभिवृद्धि (value Added) र गैरकृषिरफार्म जस्ता सुविधारअवसरहरूमा सुरक्षित र समान पहुँचको माध्यमबाट सानास्तरका खाद्यान्न उत्पादकहरूको कृषि उत्पादकत्व तथा आम्दानीहरू दोब्बर पार्ने | | | | | | |
| २.३.२ | लिङ्ग र आदिवासी पहिचानरहैसियतका आधारमा सानास्तरका खाद्यान्न उत्पादकहरूको औषत वार्षिक आय | | | | | | |
| १ | साना खाद्य उत्पादकहरूको औसत वार्षिक आय (ने.रू.) | ३५५६० | | | ३२१११ | | |
| २ | साना खाद्य उत्पादकहरूको औसत वार्षिक आय (ने.रू.): पुरूष | ४०१४८ | | | ३१६०१ | | |
| ३ | साना खाद्य उत्पादकहरूको औसत वार्षिक आय (ने.रू.): महिला | ३९८३७ | | | ३०४२५ | | |
| ४ | साना खाद्य उत्पादकहरूको औसत वार्षिक आय (ने.रू.): आदिवासीरजनजाति | ३३३८७ | | | ३३९५२ | | |
| ५ | साना खाद्य उत्पादकहरूको औसत वार्षिक आय (ने.रू.): गैरआदिबासीरजनजाति | ४३२०६ | | | ४०९६४ | | |
| लक्ष्याङ्क २.४ | २०३० सम्ममा दिगो खाद्यान्न उत्पादन प्रणालीरपद्धतिहरू सुनिश्चित गर्ने साथै उत्थानशील कृषि अभ्यासहरू जसले उत्पादकत्व र उत्पादन वृद्धि गर्दछन्, जलवायु परिवर्तन (विषम मौसम, सुख्खा, बाढी र अरू विपद्हरूसँग अनुकूलनको निम्ति क्षमता बढाउँछन् र जमिन र माटोको गुणस्तर अग्रगामी रूपमा अभिवृद्धि गर्दछन् त्यस्ता अभ्यासहरू कार्यान्वयन गर्ने | | | | | | |

| लक्ष्य, लक्ष्याङ्क र सूचकहरू | | नेपाल | | | प्रदेशनं २ | | |
|---|---|---|---|---|---|---|---|
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२५ | २०३० |
| २.४.१ | उत्पादनशील र दिगो कृषिअन्तर्गत रहेको कृषि क्षेत्रको अनुपात | | | | | | |
| १ | हाल कायम रहेको कृषिभूमि (हजार हेक्टरमा) | २५४८ | २६४१ | २६४१ | ४८१ | ४९८.६ | ४९९ |
| २ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरि सिँचाइ सुविधा पुगेको भूमि (प्रतिशत) | २९.२ | ६० | ८० | ४२.७ | ७४.२ | ९० |
| लक्ष्य ३: सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्धन गर्ने | | | | | | | |
| लक्ष्याङ्क ३.१ | २०३० सम्ममा, विश्वव्यापी मातृमृत्यु दर(प्रत्येक १ लाख जीवित जन्ममा) लाई ७० भन्दा कम गर्ने | | | | | | |
| १ | दक्ष प्रसुतीकर्मीहरूको सहयोगमा गराइएको जन्महरूको अनुपात | ५८ | ७९ | ९० | ४८.६ | ७५ | ९० |
| लक्ष्याङ्क ३.२ | सबै देशहरूको नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) लाई कम्तीमा १२ मा घटाउने र ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) लाई कम्तीमा २५ मा ओराल्ने परिमाणात्मक लक्ष्य भएकाले सन् २०३० सम्ममा नवजात शिशुहरू र ५ वर्षमुनिका बालबालिकाको रोक्न सकिने मृत्युको अन्त्य गर्ने | | | | | | |
| १ | पाँच वर्षमुनिका बाल मृत्युदर प्रति १००० जीवित जन्ममा | ३९ | २४ | २० | ५२ | ३१ | २० |
| २ | नवजात शिशु मृत्युदर प्रति १००० जीवित जन्ममा | २४ | १४ | १२ | ३० | १८ | १२ |
| लक्ष्याङ्क ३.३ | २०३० सम्ममा एचआईभी एड्स, क्षयरोग, औलोजरो र उपेक्षा गरिएका उष्णप्रदेशीय रोगहरूको महामारी अन्त्य गर्ने र हेपाटाइटिस, पानीजन्य रोगहरू एवं अन्य सरूवा रोगहरू नियन्त्रण गर्ने | | | | | | |
| १ | नयाँ एचआईभी सङ्क्रमितहरूको सङ्ख्या | १७८१ | ६०६ | १८ | २७३ | ९२ | २ |
| २ | क्षयरोग लाग्ने दर (प्रति १ लाख जनसङ्ख्यामा) | १११ | ५० | २० | १०९ | ५० | २० |
| ३ | औलोज्वरो लाग्ने दर (प्रति १ लाख जनसङ्ख्यामा) | ८ | ३ | १ | ४ | ३ | १ |
| लक्ष्याङ्क ३.३.१ | उपेक्षा गरिएका उष्णप्रदेशीय रोगहरूविरूद्ध उपचार गर्न आवश्यक भएका मानिसहरूको सङ्ख्या | | | | | | |
| १ | प्रति १००० जनसङ्ख्यामा कुष्ठरोगका बिरामीहरूको सङ्ख्या | ११ | ४ | ० | २० | ७ | ० |
| २ | कालाजार विरामीहरू | १,३५४ | | | २६७ | | |
| ३ | डेङ्गिका विरामीहरू | ९३१ | | | ८७ | | |
| ४ | सक्रिय ट्रकोमाका बिरामीहरू | २२४२१ | | | ८१९ | | |
| लक्ष्याङ्क ३.४ | २०३० सम्ममा नसर्ने रोगबाट हुने असामयिक मृत्युदरलाई रोकथाम र उपचारबाट एकतिहाइले कम गर्नुका साथै मानिसक स्वास्थ्य तथा समृद्धि प्रवर्धन गर्ने | | | | | | |
| १ | पछिल्ला २ हप्तामा झाडापखाला लागेका ५ वर्ष मुनिका बालबालिकाको प्रतिशत | ७.६ | | | ८.६ | | |

| लक्ष्य, लक्ष्याङ्क र सूचकहरू | | नेपाल | | | प्रदेशनं २ | | |
|---|---|---|---|---|---|---|---|
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२५ | २०३० |
| लक्ष्याङ्क ३.७ | २०३० सम्ममा यौन तथा प्रजनन स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै परिवार नियोजन, सूचना र शिक्षा तथा प्रजनन स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा एकीकरण गर्ने | | | | | | |
| ३.७.१ | क. परिवार नियोजनसम्बन्धी आवश्यकताहरू आधुनिक विधिरसाधनद्वारा पूरा भएका प्रजनन उमेरका (१५ देखि ४९ वर्ष उमेरका) महिलाहरूको अनुपात | ५६ | ७६ | ८० | ६१.८ | ७४ | ८० |
| | ख. परिवार नियोजनको साधन प्रयोग दर (आधुनिक विधि)(प्रतिशत) | ४२.८ | ५६ | ६० | ४२.२ | ५४ | ६० |
| | ग. कुल प्रजनन दर (१५ देखि ४९ वर्ष उमेरका प्रति महिलाले जन्म दिएका बच्चाको औसत सङ्ख्या) | २.३ | २.१ | २.१ | ३ | २.४ | २.१ |
| ३.८ | स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच हासिल गर्नका निम्ति वित्तीय जोखिम सुरक्षा कायम गर्दै सुरक्षित, प्रभावकारी र गुणस्तरीय अत्यावश्यक स्वास्थ्य सेवाहरूका साथै क्षमताअनुसार धान्न सकिने मूल्यमा अत्यावश्यक औषधी तथा खोपहरूको उपलब्धता बढाउने | | | | | | |
| १ | प्रोटोकलअनुसार चारपटक पूर्वप्रसूती सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत (जीवित जन्ममा) | ५९ | ८१ | ९० | ३७ | ७२ | ९० |
| २ | अस्पतालरस्वास्थ्य संस्थाहरूमा बच्चा जन्माउने महिलाहरूको प्रतिशत | ५४.६ | ७९ | ९० | ४५ | ७५ | ९० |
| ३ | प्रोटोकलअनुसार बच्चाको जन्मपछि तीन पटक सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत | १९ | ७५ | ९० | २३ | ६८ | ९० |
| ४ | हेपाटाइटिस बी भ्याक्सिनको तीनपटक डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत | ८६ | ९५ | ९५ | ७६.१ | ८९ | ९५ |
| ५ | ३० मिनेटभित्र स्वास्थ्य संस्थामा हिँडेर पुग्न सक्ने घरपरिवारको प्रतिशत | ६१.६ | ८०.६ | ९० | ८३.७ | ८८ | ९० |
| ६ | कुल घरायसी खर्च वा आम्दानीको ठूलो हिस्सा स्वास्थमा खर्च गर्ने जनसङ्ख्याको अनुपात (प्रतिशत) | ८.३ | ४ | २ | १२.६ | ५ .५ | २ |
| लक्ष्य ४: समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने | | | | | | | |
| लक्ष्याङ्क ४.१ | सन् २०३० सम्ममा सबै छात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू दिने गरी निशुल्क, समतामूलक तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षा पूरा गरेको सुनिश्चित गर्ने | | | | | | |
| ४.१.१ | लिङ्गअनुसार (क) कक्षा २र३ मा, (ख) प्राथमिक तहको अन्त्यमा, र (ग) निम्न माध्यामिक तहको अन्त्यमा (१) पढ्न र (२) गणितमा कम्तीमा न्यूनतम निपुणता प्राप्त गरेका बालबालिका र युवाहरूको अनुपात | | | | | | |
| १ | प्राथमिक तहमा खुद भर्नादर (प्रतिशत) | ९७.२ | ९९ | ९९.५ | ९५ .७ | ९८.२ | ९९.५ |
| २ | माध्यमिक तह (कक्षा ९(१०)को कुल भर्नादर (प्रतिशत) | ८०.३ | ९५ | ९९ | ६१.२ | ८६.४ | ९९ |
| लक्ष्याङ्क ४.५ | सन् २०३० सम्ममा शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र समान पहुँच सुनिश्चित गर्ने | | | | | | |

| लक्ष्य, लक्ष्याङ्क र सूचकहरू | | नेपाल | | | प्रदेशनं २ | | |
|---|---|---|---|---|---|---|---|
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२५ | २०३० |
| ४.५.१ | शिक्षासम्बन्धी सबै सूचकहरूको लागि समानता सूचकाङ्कहरू (महिलारपुरूष, गाउँरशहर, सम्पत्तिको सबैभन्दा तल्लो पञ्चमकरमाथिल्लो पञ्चमक जनसङ्ख्या र अन्य सूचकाङ्कहरू जस्तै अपाङ्गताको अवस्था, आदिवासी र द्वन्द्वपीडितहरू लगायतका तथ्याङ्कहरू खण्डीकरण गर्न सकिने | | | | | | |
| १ | लैङ्गिक समता सूचकाङ्क प्राथमिक तह (कक्षा १ - ५) | १.०२ | १.०१ | १ | १.०५ | १.०२ | १ |
| लक्षाङ्क ४.६ | सन् २०३० सम्ममा सबै युवा र कम्तीमा ९५ प्रतिशत वयस्कहरू (पुरूष र महिला दुवै) लाई अक्षर र अङ्क दुबै चिन्नसक्ने बनाउने | | | | | | |
| ४.६।१ | (क) साक्षरता र (ख) गणितसम्बन्धी निश्चितस्तरको प्रविणता हासिल गरेका तोकिएको उमेर समूहको जनसङ्ख्याको अनुपात | | | | | | |
| १ | १५(२४ वर्ष उमेर समूहको महिलाको साक्षरता दर (प्रतिशत) | ८४.५ | ९५ .१ | ९९ | ५७ | ८५ | ९९ |
| २ | १५(२४ वर्ष उमेर समूहको पुरूषको साक्षरता दर (प्रतिशत) | ९४.४ | ९७.५ | ९९ | ८३.३ | ९३.८ | ९९ |
| ३ | १५(४९ वर्ष उमेर समूहको महिलाको साक्षरता दर (प्रतिशत) | ६९.१ | ८९ | ९९ | ३८.५ | ७८.८ | ९९ |
| ४ | १५(४९ वर्ष उमेर समूहको पुरूषको साक्षरता दर (प्रतिशत) | ८९.१ | ९५ .७ | ९९ | ७८.१ | ९२ | ९९ |
| ५ | ५ वर्ष र सोभन्दा बढी उमेरको जनसङ्ख्याको साक्षरता दर (प्रतिशत) | ६५ .९ | ८५ .३ | ९५ | ६०.१ | ८३.४ | ९५ |
| ६ | ५ वर्ष र सोभन्दा बढी उमेरको जनसङ्ख्याको साक्षरता दर (प्रतिशत) : पुरूष | ७५ .१ | ८८.४ | ९५ | ४९.५ | ७९.८ | ९५ |
| ७ | ५ वर्ष र सोभन्दा बढी उमेरको जनसङ्ख्याको साक्षरता दर (प्रतिशत) : महिला | ५७.४ | ८२.५ | ९५ | ३८.९ | ७६.३ | ९५ |
| लक्ष्याङ्क ४.क | बालबालिका, अपाङ्गता र लैङ्गिक संवेदनशील शैक्षिक सुविधाहरूको निर्माण र स्तरोन्नति गर्ने र सबैलाई सुरक्षित, अहिंसात्मक, समावेशी र प्रभावकारी सिकाइ वातावरण प्रदान गर्ने | | | | | | |
| लक्ष ५: लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउने | | | | | | | |
| १ | शारीरिकरयौन हिंसाको अनुभव गरेका १५(४९ वर्ष उमेर समूहको महिला (प्रतिशत) | ६.९ | ३ | १ | ६.१ | २.७ | १ |
| लक्ष्याङ्क ५.३ | बालविवाह, कम उमेर र जबर्जस्ती विवाह र महिला जनेन्द्रीय अङ्गभङ्ग गर्ने जस्ता सबै हानीकारक अभ्यासहरूको अन्त्य गर्ने | | | | | | |
| १ | १५ वर्षभन्दा पहिला विवाह भएका वा वैवाहिक मिलनमा रहेका २०(२४ वर्ष उमेरसमूहका महिलाहरूको अनुपात | ७.२ | २.७ | ०.५ | १२ | ४.३ | ०.५ |
| २ | १८ वर्षभन्दा पहिला विवाह भएका वा वैवाहिक मिलनमा रहेका २०(२४ वर्ष उमेरसमूहका महिलाहरूको अनुपात | ४०.६ | १४.२ | १ | ६५ .२ | २२.४ | १ |

| लक्ष्य, लक्ष्याङ्क र सूचकहरू | | नेपाल | | | प्रदेशनं २ | | |
|---|---|---|---|---|---|---|---|
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२५ | २०३० |
| ३ | विवाह भएका वा वैवाहिक मिलनमा रहेका १५(१९ वर्ष उमेर समूहका महिलाहरूको अनुपात (प्रतिशत) | २७.३ | ८.२ | ४.१ | ८४.६ | ३०.९ | ४.१ |
| लक्ष्याङ्क ५.४ | सार्वजनिक सेवाहरूको प्रावधान, पूर्वाधार र सामाजिक संरक्षणका नीतिहरूमार्फत् बिना ज्याला गरिने हेरचाह र घरेलु कामलाई पहिचान र कदर गर्ने र राष्ट्रिय दृष्टिकोणले उपयुक्त देखिएका उपायहरू अपनाई घर र परिवारभित्र सामुहिक जिम्मेवारीको प्रवर्धन गर्ने | | | | | | |
| ५ .४.१ | लिङ्ग, उमेर र ठाउँअनुसार पारिश्रमिक नपाइने घरेलु कामकाज र हेरचाहसम्बन्धी काममा खर्च गरिएको समयको अनुपात | | | | | | |
| १ | श्रमशक्तिमा महिला र पुरूषको सहभागिताको अनुपात (प्रतिशत) | ६५ .८ | ९८ | १०० | ६५ .३ | ८८.४ | १०० |
| २ | पारिश्रमिक नपाइने घरेलु कामकाज र हेरचाहसम्बन्धी काममा खर्च गरिएको समयको अनुपात (प्रतिशत) | १६.५ | ७.५ | ३ | १७.४ | ७.८ | ३ |
| ३ | पारिश्रमिक नपाइने घरेलु कामकाज र हेरचाहसम्बन्धी काममा पुरूषले खर्च गरेको समयको अनुपात (प्रतिशत) | १०.३ | ५ .४ | ३ | ९.८ | ५ .६ | ३ |
| ४ | पारिश्रमिक नपाइने घरेलु कामकाज र हेरचाहसम्बन्धी काममा महिलाले खर्च गरेको समयको अनुपात (प्रतिशत) | २१.९ | ९.३ | ३ | २४.२ | १०.१ | ३ |
| ५ | पारिश्रमिक नपाइने घरेलु कामकाज र हेरचाहसम्बन्धी काममा १९(६४ वर्ष उमेर समूहका मानिसले खर्च गरेको समयको अनुपात (प्रतिशत) | २५ .६ | १०.५ | ३ | २७.९ | ११.३ | ३ |
| ६ | पारिश्रमिक नपाइने घरेलु कामकाज र हेरचाहसम्बन्धी काममा ६५ वर्ष र सोभन्दा माथिको उमेर समूहका मानिसले खर्च गरेको समयको अनुपात (प्रतिशत) | १६.८ | ७.६ | ३ | २७.९ | ८.४ | ३ |
| लक्ष्याङ्क ५.५ | राजनीतिक, आर्थिक र सार्वजनिक जीवनको निर्णय-निर्माणको सबै तहहरूको नेतृत्वमा महिलाहरूको पूर्ण र प्रभावकारी सहभागिता र समान अवसरहरू सुनिश्चित गर्ने | | | | | | |
| ५ .५ .१ | महिलाहरूले (क) राष्ट्रिय संसद् र (ख) स्थानीय सरकारहरूमा ओगटेका पदहरूको अनुपात | | | | | | |
| १ | प्रादेशिक संसद् (प्रतिशत) | २९ | ३६.५ | ४० | २९ | ३७ | ४० |
| २ | स्थानीय सरकारका तहहरू (प्रतिशत) | ४० | ४१.५ | ४२ | ४० | ४२ | ४५ |
| लक्ष्याङ्क ५.६ | जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको कार्यक्रम योजना र बेइजिङ प्लेटफर्मफ र एक्सन तथा तिनीहरूको समीक्षासम्बन्धी सम्मलेनका परिणात्मक दस्ताबेजहरूमा सहमति गरिए अनुसा र महिलाहरूको यौन तथा प्रजनन् स्वास्थ्य र प्रजनन् अधिकारहरूमा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने | | | | | | |

| लक्ष्य, लक्ष्याङ्क र सूचकहरू | | नेपाल | | | प्रदेशनं २ | | |
|---|---|---|---|---|---|---|---|
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२५ | २०३० |
| १ | किशोरीहरू र महिलाहरूमा प्रजनन् अधिकार हरूको बारेमा सजगता (प्रतिशत) - यौनसम्बध, परिवार नियोजनका साधनको प्रयोग, र प्रजनन् स्वास्थ्य हेरचाह सम्बन्धमा सुसूचित निर्णय लिने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात | १९ | ८० | ९० | १६.७ | ६५ .६ | ९० |
| लक्ष्याङ्क ५.क | राष्ट्रिय कानून अनुरूप महिलाहरूलाई आर्थिक स्रोत साधनमा समान अधिकार प्रदान गर्नुका साथै भूमि र अरू प्रकारका सम्पत्ति, वित्तीय सेवाहरू, उत्तराधिकार र प्राकृतिक स्रोत साधनको स्वामित्व र नियन्त्रणमा पहुँच प्रदान गर्न आवश्यक सुधारहरू गर्ने | | | | | | |
| ५.का१ | (क) कृषिजन्यभूमिमाथि स्वामित्व वा सुरक्षित अधिकार भएका कुल कृषिमा आश्रित जनसंख्याकोलैङ्गिक अनुपात र (ख) भोगका आधारमा कृषिजन्य भूमिकोस्वामित्व भएका वाअधिकार भएकामहिलाहरूको अनुपात | | | | | | |
| १ | जमिनमाथिको सम्पत्तिमा महिला स्वामित्व भएको घरपरिवारको अनुपात (प्रतिशत) | २२.२ | ३४.१ | ४० | २३.५ | ३४.५ | ४० |
| २ | घरमाथि महिलाको स्वामित्व भएको घरपरिवारको अनुपात (प्रतिशत) | ११.७ | ३०.६ | ४० | १०.५ | ३०.२ | ४० |
| ३ | सम्पत्ति र घरमाथि महिलाको स्वामित्व भएको घरपरिवारको अनुपात (प्रतिशत) | ११.८ | ३५ .३ | ४० | १०.७ | ३०.२ | ४० |
| लक्ष्याङ्क ५.ख | महिला सशक्तीकरणलाई पवर्धर्न गर्न सहाउदो प्रविधिलाई विशेषतः सूचना तथा सञ्चार प्रविधिको प्रयोग बृद्धि गर्ने | | | | | | |
| ५.खा१ | लिङ्गको आधारमा मोबाइल टेलिफोन हुने व्यक्तिहरू | | | | | | |
| १ | १५ देखि ४९ वर्ष उमेर समूहका मोबाइल प्रयोग गर्ने महिलाको अनुपात | ७२.६ | ९०.९ | १०० | ६२.२ | ८७.४ | १०० |
| २ | १५ देखि ४९ वर्ष उमेर समूहका मोबाइल प्रयोग गर्ने पुरूषको अनुपात | ८९.३ | ९६.४ | १०० | ९१.८ | ९७.३ | १०० |
| लक्ष्य ६: सबैका लागि खानेपानी र सरसफाइको उपलब्धता तथा यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने । | | | | | | | |
| लक्ष्याङ्क ६।१ | सन् २०३० सम्ममा सबैका लागि सुरक्षित र धान्न सकिने खानेपानीमा सर्वव्यापी तथा समानतामूलक पहुँच हासिल गर्ने | | | | | | |
| १ | धारा वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) | ३३.३ | ७६.५ | ९० | ५ .६ | ६१.९ | ९० |
| २ | सुरक्षित रूपमा व्यवस्थापन गरिएको आधारभूत खानेपानी सुविधा प्राप्त गर्ने जनसङ्ख्याको अनुपात | ९४.९ | ९७.६ | ९९ | ९७.४ | ९८.५ | ९९ |
| लक्ष्याङ्क ६।२ | सन् २०३० सम्ममा सबैका लागि पर्याप्त र समतामलूक सरसफाइ र स्वच्छतामा पहुँच सुनिश्चित गर्ने र महिला एवम् किशोरीहरू र संकटासन्न अवस्थामा रहेका व्यक्तिहरूको आवश्यकतालाई विशेष ध्यान दिंदै खुला रूपमा दिसा-पिसाब गर्ने चलन वा बानीको अन्त्य गर्ने | | | | | | |
| १ | उन्नत/सुधारिएका सरसफाईसम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरू अरूसँग साझेदारी गर्नुपर्दैन (प्रतिशत) | ६४.६ | ८५ .७ | ९५ | ४२.४ | ७७.५ | ९५ |

| लक्ष्य, लक्ष्याङ्क र सूचकहरू | | नेपाल | | | प्रदेशनं २ | | |
|---|---|---|---|---|---|---|---|
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२५ | २०३० |
| लक्ष्य ७: खर्चले धान्नसकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने | | | | | | | |
| लक्ष्याङ्क ७.१ | सन् २०३० सम्ममा धान्न/किन्न सकिने, भरपर्दो र आधुनिक ऊर्जा सुविधाहरूमा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने | | | | | | |
| ७.१.ज्ञ | विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात | ९०.८ | ९६.३ | ९९ | ९१.५ | ९६.५ | ९९ |
| १ | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला,दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने परिवार (प्रतिशत) | ६५ .७ | ४५ | ३० | ८४ | ४८ | ३० |
| २ | खाना पकाउको लागि स्वच्छ इन्धन र प्रविधिमा निर्भरता भएको जनसङ्ख्याको अनुपात | ३३.९ | ५८ | ७० | १५ .६ | ५१.९ | ७० |
| ३ | खाना पकाउन र कोठा तातो राख्नका लागि एलपी ग्याँस प्रयोग गर्ने जनसङ्ख्या (प्रतिशत) | ३० | ३२ | ३९ | १४.३ | ३०.८ | ३९ |
| लक्ष्याङ्क ७.२ | सन् २०३० सम्ममा विश्वव्यापी रूपमा विभिन्न प्राथमिक ऊर्जा स्रोतहरूको समिश्रणमा नवीकरणीय ऊर्जाको हिस्सा उल्लेख्य रूपमा बढाउने | | | | | | |
| लक्ष्य ८: स्थिर, समावेशी र दिगो आर्थिक बृद्धि, र सबैका लागि पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित श्रम प्रवर्द्धन गर्ने | | | | | | | |
| लक्ष्याङ्क ८.१ | राष्ट्रिय परिस्थिति अनुरूप प्रतिव्यक्ति आर्थिक बृद्धिलाई कायम राख्ने रविशेष गरेर अति कमविकसित मुलुकहरूमा कुल गार्हस्थ्य उत्पादनको बृद्धिलाई कम्तीमा प्रतिवर्ष ७ प्रतिशत कायम राख्ने | | | | | | |
| १ | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन बृद्धि (प्रतिशत) | ६.८१ | | | ६.५३ | | |
| लक्ष्याङ्क ८.३ | उत्पादनशील गतिविधिहरू, मर्यादित रोजगारी सिर्जना, उद्यमशीलता, सिर्जनशीलता र नवप्रवर्तनलाई सहयोग गर्ने खालका विकासमुखि् नीतिहरू प्रवर्द्धन गर्ने र वित्तीय सेवाहरूमा पहुँच लगायत लघु, साना र मझौला उद्यमहरूको औपचारीकरण र बृद्धिलाई प्रोत्साहन गर्ने | | | | | | |
| डाघाज्ञ | लिङ्गअनुसार गैरकृषि रोजगारीमा अनौपचारिक रोजगारीको अनुपात | | | | | | |
| १ | गैरकृषि क्षेत्रमा अनौपचारिक रोजगारीमा जनसङ्ख्याको अनुपात | ३८.३ | | | ३५ .१ | | |
| २ | गैरकृषि क्षेत्रमा अनौपचारिक रोजगारीमा पुरूष जनसङ्ख्याको अनुपात (प्रतिशत) | ३१.३ | | | २९.१ | | |
| ३ | गैरकृषि क्षेत्रमा अनौपचारिक रोजगारीमा महिला जनसङ्ख्याको अनुपात (प्रतिशत) | ५४.१ | | | ५६.३ | | |
| ४ | वित्तीय सेवामा पहुँच (प्रतिशत) | २१ | ६०.३ | ८० | १८.३ | ५९.४ | ८० |
| ५ | सहकारीमा पहुँच (३० मिनेटको पैदल दुरीमा घरपरिवारहरूको प्रतिशत) | ५३.६ | ७१.३ | ८० | ३०.१ | ६३.४ | ८० |
| लक्ष्याङ्क ८.५ | सन् २०३० सम्ममा युवा र अपाङ्गता भएका व्यक्तिहरूसहित सबै महिला र पुरूषहरूका लागि पूर्ण एवम् उत्पादनशील रोजगारी र मर्यादित काम उपलब्ध गराउनुका साथै समान कामका लागि समान ज्याला हासिल गर्ने | | | | | | |

| लक्ष्य, लक्ष्याङ्क र सूचकहरू | | नेपाल | | | प्रदेशनं २ | | |
|---|---|---|---|---|---|---|---|
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२५ | २०३० |
| ८.५ .१ | लिङ्ग, पेसा, उमेर र अपाङ्गताअनुसार बेरोजगारी दर | | | | | | |
| १ | १५(५९ वर्ष उमेर समूहक जनसङ्ख्याको बेरोजगारी दर | २७.७ | १५ .९ | १० | २४.७ | १४.९ | १० |
| लक्ष्याङ्क ८.६ | सन् २०२० सम्ममा रोजगारी नपाएका, शिक्षा वा तालिम नलिएका युवाहरूको अनुपात उल्लेख्य रूपमा घटाउने | | | | | | |
| १ | शिक्षा, रोजगारी वा तालिममा संलग्न नभएका (१५-२४ वर्ष उमेर समूहका) युवाको अनुपात | ३५ .३ | | | ४८.३ | | |
| २ | शिक्षा आर्जनमा नरहेको (१५-२४ वर्ष उमेर समूहका) युवाको अनुपात | ४७.२ | | | ५७.८ | | |
| ३ | युवा अर्धबेरोजगारी दर (१५ देखि २४ उमेरसमूह) (प्रतिशत) | २९.९ | १८.६ | १० | २२.४ | १४.१ | १० |
| ४ | रोजगारीमा नरहेका १५ देखि २४ उमेरसमूहका युवाको अनुपात (प्रतिशत) | ६०.५ | ४०.२ | ३० | ६६.७ | ४२.२ | ३० |
| लक्ष्य ९: उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने | | | | | | | |
| लक्ष्याङ्क ९.१ | धान्न सकिने र सबैका लागि समतामलूक पहुँच हुनेमाथि केन्द्रित आर्थिक विकास र मानवका सुख समृद्धिलाई सहयोग गर्न क्षेत्रीय तथा सीमापार संरचनाहरू सहित गुणस्तरीय, भरपर्दो, दिगो र उत्थानशील पूर्वाधार निर्माण गर्ने | | | | | | |
| १ | बाह्रै महिना सञ्चालनयोग्य सडकको २ किलोमिटर दूरीभित्र बसोबास गर्ने ग्रामीण जनसङ्ख्याको अनुपात | ७८.८ | ९२.९ | १०० | ८७.८ | ९६.३ | १०० |
| २ | सडक घनत्व (कि.मि.र१०० वर्ग कि.मि.) | ३९.२ | ११३.१ | १५० | ५९ | १२० | १५० |
| लक्ष्याङ्क ९.२ | समावेशी र दिगो औद्योगिकीकरण प्रवर्द्धन गर्ने र सन् २०३० सम्ममा राष्ट्रिय परिस्थिति अनुरूप रोजगारी र कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान उल्लेखनीय रूपमा बढाउने र अतिकम विकसित मुलुकहरूमा यो योगदान दोब्बर पार्ने | | | | | | |
| १ | कुल रोजगारीमा उत्पादनमुलक क्षेत्रको रोजगारीको अनुपात | १०.५ | १३.५ | १५ | ९.८ | १३.३ | १५ |
| लक्ष्य १०: मुलुकभित्र र मुलुकहरू बीचको असमानता न्यून गर्ने | | | | | | | |
| लक्ष्याङ्क १०.१ | सन् २०३० सम्ममा आयको दृष्टिकोणले तल रहेको ४० प्रतिशत जनसङ्ख्याको आयको बृद्धि राष्ट्रिय औसतभन्दा बढीले प्रगतिमूलक रूपमा हासिल गरी त्यसलाई कायम गरिराख्ने | | | | | | |
| १ | आय असमानता (जिनी कोफिसियन्टद्वारा मापन गरिएको) | ०.३३ | ०.३ | ०.२३ | ०.२९ | ०.२५ | ०.२३ |
| २ | कुल उपभोगमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा (प्रतिशत) | १८.५ | १५ .६ | २३.४ | १९.५ | २२.१ | २३.४ |
| ३ | कुल आयमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा(प्रतिशत) | ५ .३ | १५ .९ | १८ | १०.८ | १५.६ | १८ |
| ४ | पाल्मा सूचकाङ्क (एबिःब क्ष्लमभह ) | १.३ | १.१ | १ | १.१ | १.०४ | १ |

| लक्ष्य, लक्ष्याङ्क र सूचकहरू | | नेपाल | | | प्रदेशनं २ | | |
|---|---|---|---|---|---|---|---|
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२५ | २०३० |
| लक्ष्याङ्क १०.५ | विश्व वित्तीय बजार र संस्थाहरूको नियम र अनुगमनलाई सुधार गर्ने र यस्ता नियमहरूको कार्यान्वयनलाई सुदृढ तुल्याउने | | | | | | |
| १०.५ .१ | वित्तीय प्रभावकारिता सूचकहरू | | | | | | |
| १ | लघुवित्तद्वारा समेटिएका खेती गर्ने परिवारहरूको अनुपात (प्रतिशत) | २०.९ | ३४.७ | ४० | १८.८ | ३२.९ | ४० |
| लक्ष्य ११ः शहर तथा मानवबस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने | | | | | | | |
| लक्ष्याङ्क ११.१ | सन् २०३० सम्ममा सुरक्षित र क्षमताले धान्न सक्ने घर र आधारभतू सेवाहरूमा सबैको पहुँच सुनिश्चित गर्ने र गरीब-बस्तीहरूको स्तरोन्नति गर्ने | | | | | | |
| १ | घरको छानो खररपरालरपातले छाएको घरपरिवारहरू (प्रतिशत) | ९.५ | ६.५ | ५ | २१.१ | १०.४ | ५ |
| २ | अपर्याप्त आवासमा बसोबास गर्ने शहरी जनसङ्ख्याको अनुपात | ६७.८ | २५ .९ | ५ | ७०.६ | २६.९ | ५ |
| लक्ष्याङ्क ११.२ | सन् २०३० सम्ममा विशेषगरी सकंटासन्न अवस्थामा रहको व्यक्ति, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र वृद्धबृद्धाहरूको आवश्यकताहरूलाई ध्यानदिँदै सडक सुरक्षामा सुधार र विशेषगरी सावर्जनिक यातायातको विस्तारद्वारा सबैको लागि सुरक्षित, धान्न सक्ने, पहुँचयोग्य र दिगो यातायात प्रणालीहरूमा पहुँच पुर्‍याउने | | | | | | |
| १ | घरबाट ३० मिनटको पैदलयात्रामा पक्की सडकको पहुँच भएका जनसङ्ख्या (प्रतिशत) | ५०.५ | ७०.५ | ८० | ५७.१ | ७२.४ | ८० |
| लक्ष्याङ्क ११.३ | सन् २०३० सम्ममा सबै देशमा समावशी तथा दिगो शहरीकरणका साथै सहभागितामूलक, एकीकृत र दिगो मानवबस्ती योजना तथा व्यवस्थापनका लागि क्षमता अभिबृद्धि गर्ने | | | | | | |
| १ | पाँच जना र सोभन्दाबढी व्यक्तिहरू बसोबास गर्ने परिवारहरू (प्रतिशत) | ५५ .३ | २८.९ | २० | ६७ | ३५ .७ | २० |
| लक्ष्याङ्क ११.४ | विश्वका सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूलाई संरक्षण तथा सुरक्षण दिने प्रयासहरूलाई सुदृढ बनाउने | | | | | | |
| लक्ष्य १५ः पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरूभूमीकरणविरूद्ध लड्न र भूक्षय रोक्नुका साथै यसलाई उल्ट्याउने र जैविक विविधताको ह्रासलाई रोक्ने । | | | | | | | |
| लक्ष्याङ्क १५.१ | सन् २०३० सम्ममा अन्तर्राष्ट्रिय सन्धि सम्झौता अन्तर्गतका दायित्व अनुरूप भूपरिधि र जमिनका स्वच्छ पानी पारिस्थितिकीय प्रणालीहरू र तिनका सेवाहरू विशेष गरी वनजङ्गल, सीमसार क्षेत्र, हिमालय र सुख्खा क्षेत्रहरूको संरक्षण, पुनर्स्थापना र दिगो प्रयोग सुनिश्चित गर्ने | | | | | | |
| १५ .१.१ | कुल भूक्षेत्रको अनुपातमा वन क्षेत्र (प्रतिशत) | ४४.७ | ४४.७ | ४४.७ | २३ | ३४.३ | ४० |
| १ | संरक्षित क्षेत्र (वनसहित, कुल भूभागको प्रतिशत) | २३.४ | २३.३ | २३.३ | १०.७ | १०.७ | १०.७ |

| लक्ष्य, लक्ष्याङ्क र सूचकहरू | | नेपाल | | | प्रदेशनं २ | | |
|---|---|---|---|---|---|---|---|
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२५ | २०३० |
| २ | ताल, सीमसार र तलाउ/पोखरीहरूको संरक्षण(सङ्ख्या) | १७२७ | ३९०९ | ५००० | २५ | | |
| लक्ष्याङ्क १५.२ | सन् २०२० सम्ममा सबै प्रकारका वनको दिगो व्यवस्थापनको कार्यान्वयनलाई प्रभावकारी बनाउने, वनफडानी रोक्न, ह्रास भएका वन पुनःस्थापना गर्ने साथै वृक्षारोपण र विनाश भएका वनमा पुनः रूख विरूवा लगाउने | | | | | | |
| लक्ष्य १६- दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, सबैका लागि न्यायमा पहुँच सुनिश्चित गर्ने र प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाहरूको निर्माण गर्ने | | | | | | | |
| १ | भ्रष्टाचारका बारेमा जनताको धारणा (विगत १२ महिनामा घूस/उपहार दिन बाध्य हुनुपर्ने अवस्थाको कम्तीमा एक पटक सामना गरेको जनसङ्ख्याको प्रतिशत) | १० | ३.३ | ० | २६ | ८.७ | ० |
| लक्ष्याङ्क १६।९ | सन् २०३० सम्ममा सबैलाई जन्मदर्ता सहित कानूनी पहिचान प्रदान गर्ने | | | | | | |
| १६.९.१ | सरकारी निकायमा जन्मदर्ता भएका ५ वर्षमुनिका बालबालिकाहरूको अनुपात (उमेरअनुसार) | ५६.२ | ८५ .४ | १०० | ४५ | ८१.७ | १०० |
| लक्ष्य १७ः दिगो विकासका लागि कार्यान्वयनको माध्यम सुदृढ गर्ने र विश्वव्यापी साझेदारीलाई पुनःजीवन्त तुल्याउने | | | | | | | |
| लक्ष्याङ्क १७.८ | सन् २०१७ सम्ममा अतिकम विकसित राष्ट्रहरूका लागि प्रविधि बैंक र विज्ञान, प्रविधि तथा नवप्रवर्तन क्षमता अभिबृद्धि संयन्त्रलाई पूर्ण रूपमा सञ्चालनमा ल्याउने र सुहाउँदो प्रविधि, विशेष गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने | | | | | | |
| २ | इन्टरनेट प्रयोग गर्ने १५ देखि ४९ बर्षका महिलाको अनुपात | २३.३ | ७१ | ९५ | १०.१ | ६९ | ९९ |
| ३ | इन्टरनेट प्रयोग गर्ने १५ देखि ४९ बर्षका पुरूषको अनुपात | ४८.५ | ८० | ९५ | ४०.७ | ८० | ९९ |
| लक्ष्याङ्क १७.१८ | सन् २०२० सम्ममा क्षमता अभिबृद्धि सहयोगलाई बढवा दिने र आय, लिङ्ग, उमेर, जाति, वर्ण, बसाइँसराइका अवस्था, अपाङ्गता, भौगालिक अवस्थितिस्थान र अन्य विशषेताहरू अनुसार खण्डीकृत र उच्च गुणस्तरीय, सामयिक र भरपर्दो तथ्याङ्कको उपलब्धतालाई उल्लेख्यरूपमा बृद्धि गर्ने | | | | | | |
| १ | जन्मदर्ता भएको ५ बर्षमुनिका बालबालिकाको अनुपात | ५६.२ | ८५ .४ | १०० | ४५ | ८१.७ | १०० |

श्रोतः A report on SDG Baseline and RoadmapM 2019-2030 Province-2, Province Policy and Planning Commission

## ६. निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको समन्वय र सहकार्य

